# प्रेस विज्ञप्ति

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP II- TSNGP) को राष्ट्रिय कार्यकारी समिति (NEC) को वैठक मिति २०७५ साल असार ११ गतेका दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्री श्री लालबाबु पण्डितज्युको प्रमुख आतिथ्यता तथा सचिव श्री दिनेश कुमार थपलियाज्यूको अध्यक्षतामा सम्पन्न भयो | उक्त वैठकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री शंकर प्रसाद कोईराला तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिव श्री वैकुण्ठ अर्याल, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय; कृषि, भुमि व्यबस्था तथा सहकारी मन्त्रालय; महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र संचार तथा सूचना प्रविधि मन्त्रालयका उच्च पादधिकरिहरु; संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका महाशाखा प्रमुख एवं विभागका महानिर्देशकहरु; स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका राष्ट्रिय कार्यक्रम निर्देशक; मन्त्रालयका शाखा प्रमुखहरु; राष्ट्रिय कार्यक्रम प्रबन्धक लगायत कार्यक्रममा कार्यरत कर्मचारीहरु; जिल्ला समन्वय समिति, नगरपालिका र गाउँपालिका संघका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो |

यसै गरी उक्त बैठकमा नर्वेका महामहिम राजदुत लासी जोर्न जोहानेसन, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका आवासीय प्रतिनिधि भेलेरी जुलियंड, डी. पि. चेयर दिपक एल्मर, डी. पि. को-चेयर वेलायती सहयोग नियोगका प्रमुख श्री रुरिक मार्सडेन, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका राष्ट्रिय निर्देशक रिनल्ट मेयर, युनिसेफ प्रतिनिधि, युएन वुमनका प्रतिनिधि, जाइकाका प्रतिनिधि, एसियाली विकास बैंकका प्रतिनिधि, लगायत विभिन्न विकास साझेदार निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो |

सन् २००८ देखि संचालित यस कार्यक्रमले सामाजिक परिचालनका माध्यमबाट साविकका स्थानीय निकायमा जनप्रतिनिधि विहिनताको अवस्थामा योजना तर्जुमा, कार्यन्वयन, अनुगमन तथा मूल्यांकनमा सामाजका सबै वर्ग, लिंग, क्षेत्र तथा समुदायको सार्थक सहभागिता सुनिश्चित गर्दै गरिबी निवारणमा योगदान पुर्याउदै आएको थियो | यसै गरि जनउत्तरदायी संयन्त्रको माध्यमबाट स्थानीय तहको सबै क्रियाकलापमा पारदर्शिता र जवाफदेहिताको अभिवृद्धि गरी सुशासन प्रवर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको थियो | नेपालको संविधानले तिन तहको संघीय शासन प्रणालीको व्यवस्था गरे संगै पुर्नसंरचित स्थानीय सरकारको रुपमा रहेका गाउँपालिका तथा नगरपालिकाहरूको क्षमता अभिवृद्धिमा समेत यस कार्यक्रमले महत्वपूर्ण योगदान गरेको छ |

कार्यक्रमका प्रमुख अतिथि माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालवाबु पण्डितले नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यबस्थाको माध्यमबाट मुलुकमा दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्न तहगत शासन प्रणालीको व्यवस्था गरेको र संविधानले संघियता कार्यन्वयनका निम्ति ३ तहको शासकिय प्रणाली अबलम्बन गर्दै सबै तहको अधिकारको स्पष्ट ब्यबस्था गरेको कुरा उल्लेख गर्नुभयो |

२०७४ सालमा विभिन्न चरणमा सबै तहको निर्वाचन सम्पन्न भए पश्चात जनप्रतिनिधि बहाल भै आफ्नो कार्य संचालन गरिरहेकोले संघीयताको कार्यान्वयन गर्ने सन्दर्भमा नेपाल सरकारको भूमिका निर्देशनात्मक र नियन्त्रण भन्दा पनि प्रदेश र स्थानीय सरकारको सहयोगी र साझेदारको रुपमा परिणत भएको व्यहोरा जानकारी गाराउनु भयो | उक्त संवैधानिक र कानुनी प्रावधानलाई मध्यनजर गरी अबका दिनमा नेपाल सरकारले स्थानीय सरकार तथा प्रादेशिक सरकारको सक्षमता अभिवृद्धिका लागि उनीहरुको माग र आवश्यकता आधारमा क्षमता विकासका कार्यक्रमहरू संचालन गर्नु पर्ने बताउनु भयो | जसको क्षमता अविवृद्धि गर्नुपर्ने हो, उसैको सहभागितामा आधारमा मात्रै कार्यक्रमको तर्जुमा गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो |

सुरेश अधिकारी
सह-सचिव

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

कार्यक्रमको अध्यक्षता गर्नुहुदै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री दिनेश कुमार थपलियाले उपस्थित सम्पूर्ण पदाधिकारीहरुलाई स्वागत गर्दै नेपालको संबिधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धि व्यवस्था कार्यन्वयन गर्न स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय  शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय तहको क्षमता विकासमा जोड दिनु पर्ने बताउनुभयो | सोहि सन्दर्भमा बिगतमा विकास साझेदारहरुबाट प्राप्त सहयोगको प्रशंसा गर्दै मुलुकको संविधान र यसले अवलम्बन गरेको संघीय शासन प्रणालीको सफल कार्यान्वयनका निम्ति विकास साझेदारहरुको थप सहयोग जरुरी रहेको र बिगतमा जस्तै अबका दिनमा पनि सहकार्य हुने कुरामा विश्वास ब्यक्त गर्नु भयो |

उक्त अवसरमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री शंकर प्रसाद कोइरालाले जुनसुकै कार्यक्रम तर्जुमा तथा कार्यन्वयन गर्दा लक्षित वर्ग, समुदाय र संस्थाको माग र आवश्यकताको आधारमा मात्रै गर्न सकियो भने उक्त कार्यक्रम सफल हुने कुरा बताउनु भयो | यसै गरि कार्यक्रममा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिव श्री वैकुण्ठ अर्यालले कार्यक्रममा हुन सक्ने दोहोरोपना बाट सचेत हुँदै आवश्यकताका क्षेत्रहरू पहिचान हुनु पर्ने तथा प्रदेश र स्थानीय तहका जनप्रतिनिधि समेतको सहभागितामा कार्यक्रम तर्जुमा गर्नुपर्ने कुरामा जोड दिनु भयो | साथै विगतमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको योगदान उल्लेख्य रहेको र अबका दिनमा थप बढी व्यवस्थित गर्न सुझाव दिनु भएको थियो |

विकास साझेदारको रुपमा रहेका विभिन्न मुलुकका राजदुत तथा बैदेशिक सहयोग नियोगका प्रतिनिधिहरुले यस अबधिमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले प्राप्त गरेका उपलब्धिहरूप्रति प्रशंसा ब्यक्त गर्दै बिगतमा जनप्रतिनिधिविहिनताको अवस्थामा कार्यक्रमको उल्लेखनिय योगदान रहेको कुरा व्यक्त गर्नुभयो | यसै गरी प्रदेश नं. ७  का स्थानीय तहमा गरेको स्थलगत अनुगमन भ्रमणका क्रममा नागरिक सचेतना केन्द्रले गरेको काम प्रति खुशी ब्यक्त गर्दै संघीयताको सफल कार्यन्वयनका निम्ति स्थानीय तथा प्रदेश सरकारको क्षमता वृद्धि गर्नुपर्ने बताउनु भयो | यसै गरी विकास साझेदारहरूले सरोकारवालाहरूको  सहभागितामा मात्रै कार्यक्रमको सफलता मापन गर्न सकिने कुरा बताउनु भयो |

यस राष्ट्रिय कार्यकारी समिति (NEC) को वैठकमा अघिल्लो राष्टिय सल्लाहकार समिति (NAC) को वैठकबाट भएका निर्णयको कार्यान्वयनको समिक्षा र आगामी कार्यक्रम तथा बजेटबारे कार्यक्रमका राष्ट्रिय निर्देशक पुरुषोत्तम नेपाल र कार्यक्रमका राष्ट्रिय प्रबन्धक रेशमलाल कंडेलले प्रस्तुति गर्नुभएको थियो | उक्त प्रस्तुति पश्चात सहभागीबाट व्यक्त सुझाव तथा प्रतिक्रियाहरु समावेश गरी विभिन्न निर्णयहरु गरिएको छ | जसमध्ये LGCDPII-TSNGP सुरु गरेका कार्यहरुलाई तार्किक निष्कर्षमा पुर्याउने, प्रस्तावित नया कार्यक्रमको पुर्व तयारीका कार्यहरु गर्ने, स्थानीय सरकारहरुको स्वमुल्यांकन पद्धतिको परिक्षण गर्ने, क्षमता विकासको आवश्यकता पहिचान गर्ने जस्ता कार्यहरु सम्पन्न गर्न स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDPII-TSNGP) लाई थप ६ महिना(२०७५ श्रावण १ देखि पौष १६ सम्म) का लागि विस्तार गर्ने निर्णय गरियो | यसै गरि प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) आगामी जनवरी २०१९ देखि सुरुवात गर्ने गरी सोका लागि  आवश्यक तयारिलाई तीव्रता  दिने  निर्णय गरियो |

सुरेश अधिकारी
सह-सचिव

सुरेश अधिकारी

सह-सचिव एवं प्रवक्ता

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय